बेलकानगरपालिका,उदयपुर

आर्थिकवर्षः२०८२/०८३

नगरकार्यपालिकाबैठकसंख्याः६

मितिः २०८२/०८/०४गते अपरान्हको १२:००बजे

<u>प्रस्तावहरू</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. गौरी शंकर शिवालय वडा नं.४ सत्सङ्ग भवन निर्माण साझेदारी सम्बन्धमा ।(६०/४०)

३. साविक मैनामैनी मालपोत (कुद)रकम सम्बन्धमा ।(गुठीको जग्गाको)

४. नगर उद्यम विकास समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

५.. वडा नं.१,२,३ र ५,६,७,८ मा मतदान केन्द्र थप गर्नुपर्ने सम्बन्धमा ।

६. वडा नं.४ लाई डिजल,जे.सी.भी.र ट्याक्टर उपलब्ध गराईदिने सम्बन्धमा ।

७. वेलका न.पा.अन्तर्गतका माघमिक विद्यालयमामा अध्ययनरत बिद्यार्थीहरु अध्ययन अवलोकन सम्बन्धमा ।

८. वेलका जनता क्याम्पसमा शिक्षाशास्त्र संकाय थप गर्नको लागि रु २५ लाख भन्दा बढी अक्षयकोष स्थापना गर्ने सम्बन्धमा ।

९. नेवाःदेय दवु समितिले लाखे जात्रा संचालन गर्नका लागि आवश्यक बाजाहरु ढोल,झ्याम्टा,मुखुण्डो खरिदका लागि ७०,०००(सत्तरी हजार ) रकम उपलब्ध गराईदिने सम्बन्धमा ।

१०. ANFA President League 2025 मा गाईघाट फुटबल क्लब छनौट भएको र उक्त प्रतियोगितामा सहभागिता हुन जानका लागि २०० लिटर इन्धनका साथै जर्सी,ट्र्याक सुट,अभ्यास फुटबल,मोजा सेट,ट्रेनिङ किट्स,यातायात खर्च खाना बास खर्चका लागि जम्मा रु ७,००,०००।(सात लाख ) रकम उपलब्ध गराईदिने सम्बन्धमा ।

११. वेलका न.पा.वडा नं.९ रमाईलो टोल स्थित सोझे खानेपानीको पाइप बगाएको हुँदा २० एम.एम.को ३०० मिटर पाईप उपलब्ध गराईदिने सम्बन्धमा ।

१२. वेलका न.पा.वडा नं.६ स्थित बुद्ध विहारमा मिति २०८२/०६/१८,१९ र २० गतेको अविरल वर्षा तथा हावाहुरीले टिनको छानाको साथै भवनमा समेत पूर्ण रुपमा क्षति भएको हुँदा भवन निर्माण गर्ने सम्बन्धमा ।

१३. आर्थिक सहयोग सम्बन्धमा ।

क) वडा नं.२ निवासी रिम बहादुर भुजेल उपचार सहयोग सम्बन्धमा

ख) झनक बहादुर श्रेष्ठको पत्नीको उपचारका लागि आर्थिक सहयोग सम्बन्धमा(वडा नं.८)

CamScanner

आज मिति २०८२ मंसिर महिना ०४ गते बिहीबार दिनको १२:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८२/०८३ को छैटौं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्यूको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रोशनशङ्कर घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रविकिरण आचार्य | अधिकृत आठौं | बे.न.पा. | | |
| २२ | श्री गायत्री राई | अधिकृत छैटौं | बे.न.पा. | | |
| २३ | श्री तारानाथ आचार्य | सहायक पाचौं | बे.न.पा. | | |
| २४ | श्री | | बे.न.पा. | | |
| २५ | श्री | | बे.न.पा. | | |
| २६ | श्री | | बे.न.पा. | | |

CamScanner

ग) बेलका न.पा.वडा नं.१ निवासी रविन कुमार चौधरीको विगत १ वर्ष देखी दुवै मृगौला फेल भइ डायलाइसिस गराईरहेको र हाल मृगौला प्रतयारोपण गर्नु पर्ने भएको हुँदा निजको घरको आर्थिक अवस्था ज्यादै नै कमजोर भएको हुँदा आर्थिक सहयोग उपलब्ध गराईदिने सम्बन्धमा ।

घ) बेलका न.पा.वडा नं.५खारखोला निवासी टेक बहादुर राई दमको विरामिले शरीर सुनुयर खान,बस्न,बोल्न समेत अप्ठ्यारो भएको हुँदा निजको उपचारको लागि घरको आर्थिक अवस्था ज्यादै नै कमजोर भएको हुँदा आर्थिक सहयोग उपलब्ध गराईदिने सम्बन्धमा।

ङ) वडा नं.३ निवासी देव नारायण वि.क.को छोरी वर्षा वि.क.को उपचारका लागी आर्थिक सहयोग सम्बन्धमा ।

च) बेलका न.पा वडा नं.९ निवासी कुमार सार्कीको उपचारको लागि आर्थिक सहयोग सम्बन्धमा

छ) निवर्तमान जिल्ला समन्वय समिति प्रमुख श्री खड्ग परियारको उपचारको लागि आर्थिक सहयोग सम्बन्धमा

ज) वडा नं.४ निवासी वालकृष्ण अधिकारीको घर आगलागी क्षतिपुर्ति सम्वन्धमा

१४. नगरप्रहरीको आवास,शौचालय,स्टोर र राजश्व शाखामा आल्मोनियम पार्टेशन तथा झ्याल ढोका मर्मतको भुक्तानी सम्बन्धमा ।

१५. बबला स्वस्थ्य चौकीको पुरानो भवनको छानो,शौचालय मर्मत र विद्युत तार जडान सम्बन्धमा

१६. मालपोत कार्यालयको च.नं.११५९ मिति२०८२/०७/२६ को पत्र र नापी कार्यालयको च.नं.१७३ मिति२०८२/०७/२७ को पत्र सम्बन्धमा

१७. लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोश्रो चुरण सञ्चालनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC) लाई २ लाख रकम उपलब्ध गराउने सम्बन्धमा ।

१८. रामपुर खानेपानी आयोजनाको म्याद थप सम्बन्धमा ।

१९. वडा नं.१को भालमन्ती खोला र वडा नं.३ जोगीनी खोलाको पुलको डि.पि.आर स्वीकृति सम्बन्धमा ।

२०. आयोजनाहरुको अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।

२१. दैनिक ज्यालादारीका कामदारको पारीश्रमिक भुक्तानी सम्बन्धमा ।

२२. नगरसभाबाट स्वीकृत दरबन्दी अनुसार हालसम्म करार र डोर हाजिरमा रही कार्यरत कर्मचारीको नगरसभाबाट दरबन्दी पुनरावलोकन नभएसम्मका लागि करार सम्झौता नवीकरण गरी कामकाज गराउने साथै कार्यक्रम अन्तर्गतका कर्मचारीहरुको हकमा कार्यक्रमको संझौता बमोजिम हुने ।

२३. २०७५ साल सम्म खरिद भएका दुई पाङ्ग्रे सवारी साधनलाई वार्षिक रुपमा अधिकतम १२ हजार र २०७६ साल देखी हाल सम्म खरिद भएका दुई पाङ्ग्रे सवारी साधनलाई वार्षिकरुपमा अधिकतम ९हजार सम्मको बिल पेश भएमा सो बमोजिमको मर्मत सम्भार वापत भुक्तानी । सो सीमाभन्दा बढी रकम लाग्ने भएमा सवारी प्रयोगकर्ता आफैले तिर्ने ।

२४. हाल प्रयोगमा नरहेका दुई पाङ्ग्रे सवारी साधनलाईलाई जतिसुकै मर्मत रकम लाग्ने भए तापनि एकपटक मर्मत गरेर प्रयोग गर्ने

२५. भूउपयोग वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०८२ स्वीकृत गर्ने

२६. जग्गा विकास तथा व्यवस्थापन कार्यविधि २०८२ को मस्यौदा विधायन समिति समक्ष पेश गर्ने

२७. कार्यविधिहरु सम्बन्धमा ।

- पर्यटन प्रवर्द्धन तथा नियमन कार्यविधि
- उद्योग व्यवसाय दर्ता,खारेजी तथा नियमन कार्यविधि
- पाँच वर्षिय लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति कार्यान्वयन बृहत कार्ययोजना सम्बन्धमा ।
- लक्षित वर्ग समन्वय समिति गठन तथा कार्य सञ्चालन कार्यविधि २०८२
- सहकारी संस्थाको खारेजीका लागि लिक्वीडेर छनौट कार्यविधि २०८२ को मस्यौदा विधायन समिति समक्ष पेश गर्ने
- कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन (अनुदान वितरण)कार्यविधि २०८२ को मस्यौदा विधायन समिति समक्ष पेश गर्ने

२८. कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्ने प्रस्तावको ढाँचा स्वीकृत गर्ने

२९. पूर्वाधार विकास निर्माण वाहेकका अन्य सामाजिक तथा साँस्कृतिक प्रकृतिका परियोजना कार्यान्वयन गर्दा प्रयोग गरिने ढाँचा स्वीकृत गर्ने

३०. वडा नं.२को धारा खोलामा आएको बाढीले धार परिवर्तन गरि गाउँ जोखिम भएको हुँदा उक्त जोखिम न्युनिकरणका लागि खोलाको धार परिवर्तन गर्दा लागेको खर्च रकम भुक्तानी सम्बन्धमा

३१. पार्किङ्ग व्यवस्थापन सम्बन्धमा

३२. प्रमुख प्रशासकीय अधिकृतको आवास गृह व्यवस्थापन तथा कार्यालयको अन्य प्रशासनिक कामकाजमा सहयोग गर्ने कर्मचारी प्रेम बहादुर खत्रीको सेवा करार सम्बन्धमा

३३. यशोधा खोला नियन्त्रण सम्बन्धमा

३४. गत आ.ब.मा निर्णय भएको गौरीशंकर शिवालय मन्दिरको आर्थिक सहयोग १ लाख छुट भएको रकम सम्बन्धमा

CamScanner

३५. महिला सुरक्षा आवासमा खटिने महिला नगर प्रहरीको थप सुविधा सम्बन्धमा

३६. चालु आ.व. ०८२/०८३ को नगर सभाबाट पारीत भुक्तानी बाँकीको विवरणमा समावेश नभएको योजनाको भुक्तानी सम्बन्धमा ।

३७. इन्धन माग सम्बन्धमा ।

अशोक कार्की
नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

निर्णय नं.१

अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको अवस्थाका बारेमा कार्यपालिकाका सचिवबाट गरिएको प्रस्तुति अनुसार निर्णय कार्यान्वयनको अवस्था उत्साहजनक रहेको पाइयो ।कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई कार्यतालिका निर्माण गरी यथाशीघ्र कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२

नगरपालिकाबाट ६० प्रतिशत र उपभोक्ता समिति वा अन्य संघ संस्थाबाट ४० प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने आयोजनाहरूको माग संकलनका लागि सबै वडा कार्यालयमा पत्राचार गर्ने र तहाँबाट प्राप्त आयोजनाहरु आगामी हिउँदे अधिवेशनको नगरसभामा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

निर्णय नं. ३

यस नगरपालिकाको वडा नं.७ मा रहेको गुठीको जग्गाको कूत रकम संकलन गर्नका लागि मालपोत कार्यालय,उदयपुरसँग समन्वय गरी काम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको मिति २०८२/०५/०४ गते बसेको नगर उद्यम विकास समितिको निर्णय अनुसार वडा नं.६मा सञ्चालन हुने लघु उद्यम विकास कार्यक्रम र बेलका नगरपालिकाको स्थानीय मेड मोडल कार्यक्रम अन्तरगत लोकल रक्सीलाई उद्यम विकास मार्फत प्रवर्द्धन गर्नका लागि उक्त वडाले तोकेको वस्ती वा क्षेत्रका वढीमा १५ जना उद्यमी व्यवसायि उत्पादन गर्ने सीप विकास तालिम,प्रविधि पहुँच कार्यक्रम लगायत मेड मोडलमा आधारित चरणवद्ध कार्यक्रम सञ्चालनका लागि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको वडा नं.१,२,३,५,७,र ८ मा मतदान केन्द्र थप गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकाको वडा नं.४ का विभिन्न बाटोहरु मर्मत गर्नका लागि यस नगरपालिकाको नाममा भएको **JCB Machine** मर्मत गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका अन्तर्गतका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीले शैक्षिक भ्रमणमा जान चाहेमा चालू आर्थिक वर्षको लागि नगरसभाबाट स्वीकृत बार्षिक योजनाको क्र.स.२६८ संघ/सस्था सहयोग अन्तर्गत खर्च शीर्षक २२५२२ नेपाल सरकार समानीकरण-अनुदान स्रोतबाट सम्बन्धित विद्यालयको सिफारिसमा प्रति विद्यालय रु.१०,०००।(अक्षेरेपी दश हजार रुपैयामात्र) का दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । यस नगरपालिकाको वडा नं ३ मा रहेको कोशी जनता माध्यमिक विद्यालय रामपुरमा अध्ययन



रोशनशंकर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

गर्ने विद्यार्थीको शैक्षिक भ्रमणका लागि हकमा एक पटकका लागि भने माथि उल्लेख गरिएको रु.१०,०००। का अतिरिक्त सोही वडाको विनियोजित वजेटको सि.नं.४०८ को विभिन्न संघ/संस्था सहयोग कार्यक्रम वजेट शीर्षक नं.२२५२२ कोशी प्रदेश समानीकरण अनुदान स्रोतवाट थप रु.१५०००।रकम सहित कूल रु.२५०००।(अक्षेरेपी पच्चीस हजार रुपैयामात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

चालू आर्थिक वर्षको लागि बेलका नगरसभावाट स्वीकृत वार्षिक योजनाको शैक्षिक संस्थालाई शसर्त सहायता तर्फ विनियोजित वजेटवाट बेलका जनता क्याम्पस रामपुर, उदयपुरलाई शिक्षाशास्त्र संकायको स्नातक तहको कक्षा सञ्चालनका लागि त्रिभुवन विश्ववद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम,२०५० को नियम ३८८ बमोजिम अक्षयकोष राख्नको लागि आवश्यक परेको रकम रू.२५,००,००० ऋण अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।साथै उक्त रकमको थप व्यवस्थापनका लागि जनता क्याम्पस रामपुर, उदयपुरले स्नातक तहको कक्षा सञ्चालन शुरू भएको पहिलो शैक्षिक सत्रदेखि पाँच वर्षभित्रमा मूलधन वापतको रकम रू.२५,००,००० र सोमा लाग्ने ब्याज समेत प्रत्येक वर्ष दामासाहीमा नगरपालिकामा फिर्ता गर्नु शर्त सहितको सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

चालू आर्थिक वर्षका लागि बेलका नगरसभावाट स्वीकृत वार्षिक योजनाको क्र.सं.२५७ अन्तरगत लक्षित जातजातिका लागि उत्थान कार्यक्रम तर्फको भाषा तथा सस्कृति उपक्षेत्रको २२५२२ खर्चशीर्षकको नेपाल सरकार समानीकरण अनुदान स्रोत तर्फ विनियोजित वजेटबाट रु.३००००।-अक्षेरेपि तीस हजार मात्र नेवा देय दबु समिति वडा नं.३ लाई ढोल,झ्याम्टा,मुकुट खरिदका लागि प्राप्त विल भर्पाई वमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

गाईघाट फुटवल क्लवलाई ANFA President League 2025 मा छनौट भई प्रतियोगितामा सहभागी हुन आवश्यक खर्च रकम चालू आर्थिक वर्षका लागि बेलका नगरसभावाट स्वीकृत वार्षिक योजनाको क्र.स.२६८ संघ/सस्था सहयोग अन्तर्गत खर्चशीर्षक २२५२२ नेपाल सरकार समानीकरण-अनुदान स्रोतबाट रु.२५,०००।( अक्षेरपी पच्चीस हजार रुपैया मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिकाको वडा नं.९ को सोझे खानेपानीको पाईप बगाएको हुँदा तपसील बमोजिमको खानेपानीको पाईप खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,गाईघाट,उदयपुरमा माग गर्ने निर्णय गरियो ।

तपसील

१.७५ एम.एम.को ५०० मिटर

२.२० एम.एम.को ३०० मिटर

रोशनशङ्कर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

निर्णय नं. १२

चालू आर्थिक वर्षका लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.सं.२५७ अन्तर्गत लक्षित जातजातिका लागि उत्थान कार्यक्रम तर्फको भाषा तथा संस्कृति उपक्षेत्रको २२५२२ खर्च शीर्षकको नेपाल सरकार समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट नगरपालिकाको वडा नं.६ स्थित बुद्ध विहारमा मिति २०८२/०६/१८,१९ र २० गतेको अविरल वर्षात् तथा हावाहुरीले रुख ढली भवन पूर्ण रुपमा क्षति भएको हुँदा उक्त भवन निर्माणका लागि रु.५०,०००।-रु.अक्षेरेपी पचास हजार रुपैयाँ मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

आर्थिक सहयोग सम्बन्धमा निम्नानुसार आर्थिक सहायता दिने निर्णय गरियो।

निम्नः

क. बेलका न.पा वडा नं.२ निवासी रिम बहादुर भुजेलको उपचारको लागि यस न.पा.को वडा नं.४ मा रहेको सुर्योदय सुधार केन्द्र,लालबजारलाई चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको वडा नं.२ तर्फको क्र.स.३९३अन्तर्गत विपद व्यवस्थापन र बाटो मर्मत कार्यक्रम खर्चशीर्षक ३११५९विपद व्यवस्थापन उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१,००,०००/-एक लाख रुपैया प्रदान गर्ने ।

ख. बेलका न.पा वडा नं.८ निवासी झनक बहादुर श्रेष्ठको पत्नि बन्दना राईको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१५,०००/-पन्ध्र हजार रुपैया प्रदान गर्ने ।

ग. बेलका न.पा वडा नं.१ निवासी रविन कुमार चौधरीको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.५०,०००/-पचास हजार रुपैया मात्र रकम प्रदान गर्ने ।

घ. बेलका न.पा वडा नं.५ निवासी टेक बहादुर राईको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.२०,०००/-बीस हजार रुपैया मात्र रकम प्रदान गर्ने ।

ङ. बेलका न.पा वडा नं.३ निवासी देव नारायण वि.क.को छोरी वर्षा वि.क.को उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक



अशोक कार्की
नगर प्रमुख

रोमबहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१५,०००/-पन्ध्र हजार रुपैया प्रदान गर्ने ।

च. बेलका न.पा वडा नं.९ निवासी कुमार सार्कीको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.२५,०००/-पच्चीस हजार रुपैया मात्र प्रदान गर्ने ।

छ. वडा नं ४ निवासी वालकृष्ण अधिकारीको घर आगलागी भएको हुँदा निजलाई रु ५०,०००। पचास हजार प्रदान गर्ने ।

ज. जिल्ला उदयपुर त्रियुगा न.पा. निवासी निवर्तमान जिल्ला समन्वय समिति प्रमुख श्री खड्ग परियारको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.५०,०००/-पचास हजार रुपैया प्रदान गर्ने ।

**निर्णय नं. १४**

यस नगरपालिकाको नगर प्रहरी आवास,शौचालय,स्टोर र राजश्व शाखामा आल्मोनियम पार्टेशन तथा झ्याल ढोका मर्मत गर्दा भएको बिल बमोजिमको खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस न.पा.वडा नं.६ स्थित बबला स्वास्थ्य चौकीको मर्मत तथा विद्युत तार जडान गर्दा भएको खर्च विल बमोजिमको रकम बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.५७ नेपाल प्रहरी,शसस्त्र प्रहरी र अन्य निकाय साझेदारी कार्यक्रम खर्चशीर्षक २२५२२कार्यालय संचालन तथा प्रशासनिक उपक्षेत्र अन्तर्गत राजस्व बाँडफाँड-सङ्घीय सरकार नगद स्रोत तर्फ विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.३६ भूमि वर्गीकरण कार्य कार्यक्रम खर्चशीर्षक २२४११ योजना तर्जुमा र कार्यान्वयन उपक्षेत्र अन्तर्गत राजस्व बाँडफाँड-सङ्घीय सरकार अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट भूउपयोग क्षेत्र वर्गीकरण कार्य गर्नका लागि कार्यालयको आवश्यकता अनुसार चालू तथा पुँजीगत प्रकृतिका शीर्षकहरुमा खर्च गर्न मालपोत कार्यालय,उदयपुरलाई रु.५,००,०००/-रुपैया र नापी कार्यालयलाई रु.७,००,०००/-रुपैया प्रदान गर्ने निर्णय गरियो ।

रोशनबहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

निर्णय नं. १७

बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६७२ **OCMC** कार्यक्रम सञ्चालन (मनोसामाजिक परामर्शसँगको साझेदारी) कार्यक्रम खर्चशीर्षक २२५२२ स्वास्थ्य उपक्षेत्र अन्तर्गत राजस्व बाँडफाँड-स्थानीय नगद स्रोत तर्फ विनियोजित बजेटबाट लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (दोश्रो चरण) एकद्वार संकट व्यवस्थापन केन्द्र **(OCMC)** सञ्चालन गर्न अनुदान वापत दुई लाख रूपैयाँ जिल्ला अस्पताल,उदयपुरलाई सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

आर्थिक वर्ष २०८०/८१ को स्वीकृत आयोजना Supply and Construction of 450 cum Over-Head Tank along with 56km Transmission and Distribution Pipeline network and all other components as specified in project for Rampur Bazar Drinking Water Supply Project, Belaka Municipality-09, Udayapur ठेक्का नं. 08/BELAKA/NCB/W/2080-081 निर्माण कार्यको लागि मिति २०८१/०३/०२ गते निर्माण कम्पनी श्री अम्बरशान्ति/प्रयण/रेश्मी जे.भी., महालक्ष्मी, ललितपुरसँग सम्झौता भई मिति २०८२/०५/१५ गते सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण कम्पनीको मिति २०८२/०४/११ गतेको म्याद थप सम्बन्धी पत्रानुसार वर्षाको कारणले रोड क्रसिङ भएको स्थानमा कालोपत्रे गर्ने कार्य बाहेक अन्य सबै काम सम्पन्न भएको उल्लेख भएको हुँदा यस नगरपालिकालाई कुनै किसिमको थप आर्थिक भार नपर्ने गरी उक्त निर्माण कम्पनीको माग बमोजिम निर्माण कार्य सम्पन्न गर्न २०८२ साल कार्तिक मसान्तसम्म आयोजनाको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

यस नगरपालिकाको वडा नं. १ कार्यालयको मिति २०८१/१२/०३ गतेको भालमन्ती खोलामा पुलको डीपीआर आवश्यकता सम्बन्धी सिफारिस र ३ नं. वडा कार्यालयको मिति २०८१/१२/०३ गतेको जोगिनी खोलामा पुलको डीपीआर आवश्यकता सम्बन्धी सिफारिस बमोजिम यस नगरपालिकाद्वारा उक्त खोलाहरुमा पुलको डीपीआर गर्न परामर्शदाता श्री प्रोडेस्क ईन्जिनियरिङ ई. प्रा.लि.,नयाँबस्ती, काठमाडौंसँग मिति २०८२/०३/१५ गते सम्झौता भई निज परामर्शदाताले उक्त पुलहरुको विस्तृत परियोजना प्रतिवेदन यस नगरपालिकामा मिति २०८२/०५/१३ गते प्रस्तुत गरी मिति २०८२/०५/२२ गते अन्तिम प्रतिवेदन पेश गरेको हुँदा उक्त डीपीआर स्वीकृत गरियो । साथै परामर्शदातालाई सेवा वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

रेशमबहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

आलोक कार्की
नगर प्रमुख

निर्णय नं. २०

चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत तपसिल बमोजिमको आयोजनाहरुको लागत अनुमान बजेट रकम भन्दा अधिक हुन गएकोले नपुग बजेट सम्बन्धमा रकमान्तर प्रस्ताव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २१

यस बेलका न.पा.मा विभिन्न कामकाजका लागि दैनिक ज्यालादारीमा कार्यरत कामदारहरुको ज्याला भुक्तानी सम्बन्धमा बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.३५ दैनिक ज्यालादारी कार्यक्रम खर्चशीर्षक २२४११ कार्यालय सञ्चालन तथा प्रशासनिक उपक्षेत्र अन्तर्गत राजस्व बाँडफाँड-संघिय सरकार नगद स्रोत तर्फ विनियोजित बजेटबाट डोर हाजिरी बमोजिमको पारिश्रमिक रकम प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

यस नगरपालिकाको नगरसभाबाट स्वीकृत दरबन्दी अनुसार हालसम्म सेवा करारमा रही कार्यरत कर्मचारीहरुको नगरसभाबाट स्वीकृत दरबन्दी अनुसारको कर्मचारी भर्ना गर्नका लागि सहमति प्राप्त गर्न कोशी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै सो सम्बन्धमा कोशी प्रदेश सरकारबाट निर्देशन प्राप्त नभएसम्मका लागि हाल कार्यरत कर्मचारीहरुसँगको सेवा करार सम्झौता नवीकरण गरी कामकाज गराउने निर्णय गरियो । यसका साथै कार्यक्रम अन्तर्गतका कर्मचारीहरुको हकमा कार्यक्रमको संझौता बमोजिम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २३

यस नगरपालिकाको कार्यालयले संवत् २०७५साल चैत्र मसान्त अगावै खरिद गरी हाल कर्मचारीहरुले प्रयोग गर्दै आएका दुई पाङ्ग्रे सवारी साधन वा फिल्डमा खटिने भनी कार्यालयबाट स्पष्ट जिम्मेवारी प्राप्त गरेका प्राविधिक कर्मचारीले प्रयोग गर्दै आएको सवारी साधंनको मर्मत संभार गर्दा वीलमा उल्लेख भएको रकममध्ये एक आर्थिक वर्षमा अधिकतम १२ हजारसम्म र २०७६ सालदेखि हालसम्म खरिद भएका दुई पाङ्ग्रे सवारी साधनको मर्मत संभार गर्दा वीलमा उल्लेख भएको रकममध्ये एक आर्थिक वर्षमा अधिकतम ९ हजारसम्म कार्यालयवाट भुक्तानी गर्ने र सो भन्दावढी लागत लागेको भएमा प्रयोग कर्ता कर्मचारी स्वयमले भुक्तानी गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । चालू आर्थिक वर्षको हकमा २०८२ श्रावण १ गतेदेखि हालसम्म भै सकेको भुक्तानी रकमको जोडजम्मा माथि उल्लेख गरिएभन्दा बढी नहुने गरी भुक्तानी प्रवन्ध गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २४

यस बेलका नगर कार्यपालिकाको नाममा हाल प्रयोगमा नरहेका दुई पाङ्ग्रे सवारी साधनलाईलाई सामान्य किसिमको मर्मत रकम लाग्ने भए तापनि एकपटक मर्मत गरेर प्रयोग गर्ने निर्णय गरियो ।

रोशनशङ्कर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



अशोक कार्की
नगर प्रमुख

निर्णय नं. २५

बेलका नगरपालिका भूउपयोग मापदण्ड र आधारहरु, २०८० खारेज गरी भूउपयोग बर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०८२ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

यस नगरपालिकाको जग्गा विकास तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा माथि आवश्यक सल्लाह, सुझाब तथा थप घटका लागि विधायन समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

यस नगरपालिकामा विभिन्न कार्यक्रमहरु कार्यान्वयन र सञ्चालनका लागि तपसिलमा उल्लेखित कार्यविधि तथा कार्ययोजनाको मस्यौदाउपर आवश्यक राय,सल्लाह र सुझावका लागि वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो ।

तपसील

१. कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन (अनुदान वितरण) कार्यविधि,२०८२
२. सहकारी संस्थाको खारेजीका लागि लिक्वीडेर छनौट कार्यविधि,२०८२
३. पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि,२०८२
४. पञ्च बर्षिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन वृहत कार्ययोजना ,२०८२
५. लक्षितवर्ग समन्वय समिति गठन तथा कार्य सञ्चालन कार्यविधि,२०८२
६. उद्योग व्यवसाय दर्ता कार्यविधि,२०८२

निर्णय नं. २८

कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्ने प्रस्तावको ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

नगरपालिका तथा वडा कार्यालयले सञ्चालन गर्ने पूर्वाधार विकास निर्माण वाहेकका अन्य सामाजिक तथा साँस्कृतिक प्रकृतिका परियोजनाहरु कार्यान्वयन गर्दाका क्रममा प्रयोग गरिने ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

नगरपालिकाको वडा नं.२ को धारा खोलामा आएको बाढीले धार परिवर्तन गरी गाउँ जोखिमयुक्त भएको हुँदा उक्त जोखिम न्युनीकरणका लागि खोलाको धार परिवर्तन गर्दा लागेको खर्च रकम भुक्तानीका लागि स्थलगत अनुगमन गरी प्राप्त बील बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

रोशनबहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



अशोक कार्की
नगर प्रमुख

**निर्णय नं. ३१**

नगरपालिकाको रामपुर बजारको पार्किङ्ग स्थल व्यवस्थापनका निशुल्करुपमा पार्किङ्ग स्थल निर्माण गर्न दिन इच्छुक जग्गा दातासँग निवेदन माग गरी नगरपालिकाको खर्चमा जग्गा सम्याउने कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

प्रमुख प्रशासकीय अधिकृतको आवास गृह व्यवस्थापन तथा कार्यालयको अन्य प्रशासनिक कामकाजमा सहयोग गर्न आवश्यक परेको हुनाले आगामी नगरसभाबाट समर्थन गराउने गरी हाललाई एक जना कार्यालय सहयोगी पद थप सिर्जना गर्ने र उक्त पद रिक्त भएसम्मका लागि बेलका नगरपालिका वडा नं ८ सेतीखोला निवासी वर्ष ४१ को प्रेम बहादुर खत्रीलाई २०८२ साल मंङ्सीर १ गते देखि लागू हुने गरी कार्यालय सहयोगीको सुरु तलवमान र नियमानुसार पाउने चाडपर्व खर्च तथा पोशाक सुविधा समेत पाउने गरी सेवा करारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

प्रस्ताव नं. ३३ माथि छलफल गर्दा यस बेलका नगरपालिकाको यशोधा खोला नदी नियन्त्रणको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

प्रस्ताव नं. ३४ माथि छलफल गर्दा गत आ.ब.मा निर्णय भएको गौरीशंकर शिवालय मन्दिरको आर्थिक सहयोग १ लाख भुक्तानी बाँकीमा छुट भएको रकम व्यवस्थापन गर्नका लागि कार्यालयको राय तथा सिफारिस सहित पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३५**

प्रस्ताव नं. ३५ माथि छलफल गर्दा अल्पकालिन महिला सुरक्षा आवास (संचालन तथा व्यवस्थापन निर्देशिका),२०८१ को बुँदा नं.१८(ख) मा व्यवस्था भएबमोजिम महिला सुरक्षा आवासमा खटिने महिला नगर प्रहरीको थप सुविधा मासिक २०००।दुई हजारका दरले दिने भनी निर्णय भएको हुँदा २०८१ साल चैत्र महिना देखि २०८२ साल कार्तिक महिना सम्मको रु१६०००।सोह्र हजार रुपैया मात्र रकम चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.१३ कर्मचारी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम खर्चशीर्षक २११३५ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च उपक्षेत्र अन्तर्गत आन्तरिक स्रोत-नगद स्रोत तर्फ विनियोजित बजेटबाट महिला नगर प्रहरी चम्पा राईलाई सोही बमोजिम मासिक २०००।दुई हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

रोशनशङ्कर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख



CamScanner

निर्णय नं. ३६

प्रस्ताव नं. ३६ माथि छलफल गर्दा चालु आ.व. ०८२/०८३ को नगर सभाबाट पारीत भुक्तानी बाँकीको विवरणमा समावेश नभएको तपसिलका विविध कार्यक्रम तथा योजनाहरुको भुक्तानी निम्न बमोजिम गर्ने निर्णय गरियो ।

क) म.ले.प.डोरबाट आ.व.०८१/०८२को लेखा परीक्षणबाट औंलाएको कर तथा धरौटी कट्टी रकम सम्बन्धित खातामा दाखिला गर्ने

ख) रामपुर खानेपानी आयोजनाको आ.व.०८१/०८२ को भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्ने ।

ग) कुवेर अटो वर्कसपको आ.व.०८१/०८२ को भुक्तानी हुन बाँकी सवारी नं. ५८१ को रु.४ लाख ८० हजार भुक्तानी गर्ने ।

निर्णय नं. ३७

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलालाई शान्ति सुरक्षा सुदृढीकरण कार्यका लागि साविकमा उपलब्ध गराउँदै आएको इन्धन सुविधामा मासिक १५ लिटर थप इन्धन उपलब्ध गराउने निर्णय गरियो ।
त्यसैगरी नगरपालिकाको वडा नं.७ मा अवस्थित अस्थायी प्रहरी पोष्ट मैनामैनीलाई शान्ति सुरक्षा सुदृढीकरण कार्यका लागि साविकमा उपलब्ध गराउँदै आएको इन्धन सुविधामा मासिक ५ लिटर थप इन्धन गराउने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

रोशनशङ्कर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२ मंसिर महिना ११ गते विहीबार दिनको १:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८२/०८३ को ७औं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्यूको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रोशनशङ्कर घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अधिकृत आठौं | बे.न.पा. | | |
| २२ | श्री गायत्री खड्का | अधिकृतस्तर छैठौं | बे.न.पा. | | |
| २३ | श्री | | बे.न.पा. | | |
| २४ | श्री | | बे.न.पा. | | |
| २५ | श्री | | बे.न.पा. | | |
| २६ | श्री | | बे.न.पा. | | |

CamScanner

बेलकानगरपालिका,उदयपुर

आर्थिकवर्ष:२०८२/०८३

नगरकार्यपालिकाबैठकसंख्या:७

मितिः २०८२/०८/११ गते अपरान्हको १:००बजे

<u>प्रस्तावहरू</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. घर नक्सा पास सम्बन्धमा ।

३. वडा नं.७ सेल्फीडाँडा- त्रिवेणी- झोलुङ्गेपुल जोड्ने सडक सम्बन्धमा ।

४. उपमेयर पृष्ठपोषण कार्यक्रम अन्तरगत सेमिनार हललाई छुट्याईएको रकम वडा नं.७ को माङ्गयुङ्ग विद्यालयमा रकमान्तर गर्ने सम्बन्धमा ।

५. वडा नं. ४ को अमन खोलाको कल्भर्ट निर्माण स्थल छेउको खोल्सा वाटो मर्मत सम्बन्धमा ।

६. गौरी शंकर शिवालय मन्दिरको प्राङ्गणमा सत्सङ्ग भवन निर्माणको बजेट सुनिश्चित सम्बन्धमा ।

७. साकेला भवन निर्माणको वजेट माग सिफारिस सम्बन्धमा ।

८. जनता मा.वि.कान्चिराङ्ग वडा नं. ७ लाई फिल्ड मैदान सम्याउने वजेट सम्बन्धमा ।

९. आर्थिक सहयोग सहयोग सम्बन्धमा ।

क.उदयपुर डान्स स्टुडियोलाई आर्थिक सहयोग सम्बन्धमा ।

ख.पुष वहादुर दमाई उपचार आर्थिक सहयोग सम्बन्धमा ।

ग.बसन्त कुमार तामाङ्ग आर्थिक सहयोग सम्बन्धमा ।

१०. वडा नं. ३ को समृद्धि टोल विकास संस्थाको कुलो मर्मत सम्बन्धमा ।

११. जग्गा विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१२. नगर प्रहरी थप गर्ने सम्बन्धमा ।

१३. संचार खर्च सम्बन्धमा ।

१४. जिम्मेवारी सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

निर्णय नं.१

अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा कार्यपालिकाका सचिवबाट गरिएको प्रस्तुति अनुसार निर्णय कार्यान्वयनको अवस्था उत्साहजनक रहेको पाइयो ।कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई कार्यतालिका निर्माण गरी यथाशीघ्र कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२

घर नक्सा पास तथा अभिलेखीकरण गर्दाका बखत नगरपालिकाका तर्फबाट असुल गरिने राजश्व तथा जरिवाना दररेट पुनरावलोकनका लागि राजश्व परामर्श समितिमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिको वडा नं.७ सेल्फीडाँडा- त्रिवेणी- झोलुङ्गेपुल जोड्ने सडक मर्मतका लागि आगामी हिउँदे अधिवेशनको नगरसभाबाट स्वीकृत गरी आवश्यक पर्ने रकम सुनिश्चत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको चालू आर्थिक वर्षको लागि नगरसभाबाट स्वीकृत बार्षिक योजनाको उपमेयर पृष्ठपोषण कार्यक्रम अन्तर्गत सेमिनार हल निर्माणका लागि विनियोजन गरिएको रु.२,००,०००।अक्षेरेपी दुईलाख रुपैयाँको आयोजना परिवर्तन गरी उक्त रकम वडा नं.७ को नव सिर्जना आधारभूत बिद्यालयको भवन मर्मतका लागि विनियोजन गर्न स्वीकृतिका लागी आगामी हिउँदे अधिवेशनको नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिको वडा नं. ४ को अमन खोलाको कल्भर्ट निर्माण स्थल छेउमा रहेको खोल्सा वाटो मर्मतका लागि आवश्यक पर्ने रकम आगामी हिउँदे अधिवेशनको नगरसभाबाट सुनिश्चत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकाको चालु आर्थिक वर्षको लागि नगरसभाबाट स्वीकृत बार्षिक योजनाको क्र.स.१८१ सार्वजनिक मठ मन्दिर निर्माण तथा मर्मत सम्भार अन्तर्गत खर्च शीर्षक ३११५९ भाषा तथा संस्कृति उपक्षेत्र अन्तर्गत स्रोतबाट रु.१,००,०००।(अक्षेरेपी एक लाख रुपैयामात्र) वडा नं. ४ मा सत्सङ्ग भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकामा साकेला भवन निर्माणका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरलाई आवश्यक पर्ने बजेट व्यवस्था गरिदिन अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

CS CamScanner

निर्णय नं. ८

यस नगरपालिका वडा नं. ७ को जनता मा.वि.कान्चिराङलाई फिल्ड मैदान सम्याउनका लागि आवश्यक पर्ने रकम आगामी हिउँदे अधिवेशनको नगरसभाबाट सुनिश्चत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

आर्थिक सहयोग सम्बन्धमा निम्नानुसार आर्थिक सहायता दिने निर्णय गरियो।

निम्न:

क. उदयपुर डान्स स्टुडियो चौदण्डीगढी न.पा. बेल्टारले स्थानीय प्रतिभा पहिचान र क्षमता वृद्धि गर्ने उद्देश्यले नृत्य प्रतियोगिता आयोजना गर्नका लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.२६८ अन्तर्गत संघ संस्था सहयोग कार्यक्रम खर्चशीर्षक २२५२२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१०,०००/-दश हजार रुपैया उदयपुर डान्स स्टुडियो चौदण्डीगढी लाई प्रदान गर्ने ।

ख. बेलका न.पा वडा नं.६ निवासी पुष बहादुर दमैको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१०,०००/-दश हजार रुपैया प्रदान गर्ने ।

ग. बेलका न.पा वडा नं.३ निवासी बसन्त कुमार तामाङको उपचारको लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.६९९ विपन्न नागरिक उपचार सहयोग कार्यक्रम खर्चशीर्षक २७१११ स्वास्थ्य उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.२५,०००/-पच्चिस हजार रुपैया मात्र रकम प्रदान गर्ने ।

घ.वेलका भेट्रान फुटबल क्लब बेलका न.पा.९ रामपुरले प्रथम वेलका भेट्रान फुटबल प्रतियोगिता आयोजना गर्नका लागि चालू आर्थिक वर्षको लागि बेलका नगरसभाबाट स्वीकृत वार्षिक योजनाको क्र.स.२६८ अन्तर्गत संघ संस्था सहयोग कार्यक्रम खर्चशीर्षक २२५२२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्र अन्तर्गत नेपाल सरकार-समानीकरण अनुदान स्रोत तर्फ विनियोजित बजेटबाट रु.१५,०००/-पन्ध्र हजार रुपैया रकम न्यू विद्यार्थी पुस्तक पसल वेलका न.पा.९ रामपुरलाई भुक्तानी दिने ।

निर्णय नं. १०

यस नगरपालिका वडा नं. ३ को समृद्धि टोल विकास संस्थाको कुलो मर्मतका लागि आवश्यक पर्ने रकम आगामी हिउँदे अधिवेशनको नगरसभाबाट सुनिश्चत गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

CamScanner

निर्णय नं. ११

बेलका नगरपालिका जग्गा विकास तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बेलका नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार नगर प्रहरीहरु थप गर्नका लागि आगामी हिउँदे अधिवेशनको नगरसभाबाट सुनिश्चत गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

बेलका नगरपालिकाको विपद् शाखामा कार्यरत कर्मचारी उपेन्द्र थापालाई शाखाको कामकाजका लागि जनप्रतिनिधिहरु,विभिन्न संघ संस्था,विभिन्न बिषयगत समिति लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गर्नका लागि मासिक रुपमा रु.५००।पाँच सय रुपैया सञ्चार खर्च दिदै आएकोमा सो रकम अपुग भएको हुँदा मिति २०८२/०४/०१ गते देखि लागु हुने गरि मासिक रु ५००।पाँच सय थप गरी मासिक रु.१,०००।एक हजार रुपैया सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४

यस बेलका नगरपालिका वडा नं.३ स्थित कोशी नदीको नदी उकास जग्गामा रहेको कबुलियति बन सम्बन्धी मुद्दा दर्ता गर्ने र उक्त मुद्दाको बहस/पैरवी गर्ने लगायतका सम्पूर्ण अदालती कामकाजका लागि अधिवक्ता श्री सुरेन्द्र बस्नेतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो

अशोक कार्की
नगर प्रमुख